थाहा नगरपालिका

# स्थानीय राजपत्र


**खण्डः २०७४ संख्याः ०१ मितिः २०७४/०६/२९**


**भाग–२**

**थाहा नगरपालिका**

## हेभी इकुपमेन्ट सञ्चालन सम्बन्धी कार्य विधि-२०७४

थाहा नगरपालिकामा रहेका हेभी इकुपमेन्टहरुको सु-संचलान र व्यवस्थापन गर्न कार्यविधि आवश्यक रहेकोले यो कार्यविधि निर्माण गरिएको छ

१. संक्षिप्त नाम र प्रारम्भ

क) यो कार्यविधिको नाम हेभी इकुपमेन्ट संचालन सम्बन्धी कार्यविधि २०७४ रहने छ ।

ख) यो कार्यविधि नगर कार्यपालिकाले पारित गरे पछि लागु हुनेछ ।

२.परिभाषा

क) "हेभी इकुपमेन्ट" भन्नाले बारुण यन्त्र, डोजर, एक्साभेटर, ट्रिपर लगायत अन्य ठुला सवारी साधनलाई सम्झनु पर्दछ ।

ख) "कार्यपालिका" भन्नाले थाहा नगरपालिकाको निर्वाचित कार्यपालिका पदाधिकारीलाई सम्झनु पर्दछ ।

ग) "समिति" भन्नाले यस कार्यविधि अन्तरगत गठित समितिलाई सम्झनु पर्दछ ।

घ) "शाखा" भन्नाले यस नगरपालिकाको सम्बन्धीत शाखालाई सम्झनु पर्दछ ।

ङ) "कोष" भन्नाले हेभी इकुपमेन्ट संचलनको लागि तोकीएको आर्थीक शिर्षकलाई सम्झनु पर्दछ ।

च) "चालक" भन्नाले हेभी इकुमेन्ट चलाउने चालकलाई सम्झनु पर्दछ ।


स्थानीय राजपत्र

छ) "नगरपालिका" भन्नाले थाहा नगरपालिका नगरकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

ज) "सेवाग्राही" भन्नाले सार्वजनिक संघ, संस्था, समिति, उपभोक्ता समिति आदीलाई सम्झनु पर्दछ ।

## ३. संचालन समितिको गठन

क) थाहा नगरपालिकामा रहेका हेभी इकुपमेन्ट संचालनको लागि देहाय बमोजिमको संचालन समिति रहने छ ।

| | |
|---|---|
| १. संयोजकः- | थाहा नगरपालिकाको उपमेयर संयोजक |
| २. सदस्यः- | फोहोरमैला तथा विपद् व्यवस्थापन शाखा प्रमुख |
| ३. सदस्य सचिवः | लेखा शाखाको प्रमुख |

## ४. समितिको काम कर्तव्य र अधिकार

क) दररेट निर्धारण गर्ने । हाललाई दररेट अनूसूची–१ बमोजिम कायम गरिएकोछ ।

ख) हेभी इकुपमेन्टहरुको रेखदेख गर्ने ।

ग) संचालनको अवस्थामा नियमन गर्ने ।

घ) मर्मत संम्भार गर्ने ।

ङ) नगरपालिकामा नियमित रुपमा प्रगति प्रतिवेदन पेश गर्ने ।

## ५. समितिको बैठक

क) आवश्यकता अनुसार जुनसुकै समयमा पनि बस्न सक्नेछ ।

## ६. हेभी इकुपमेन्टको उपलब्धता सम्बन्धी व्यवस्था

क) सेवाग्राहिको निवेदन माग अनुसार उपशाखाबाट समितिको निर्णय बमोजिम उपलब्ध गराइने छ ।

ख) समितिको निर्णय पुर्व उपलब्ध गराउनु पर्ने अवस्थामा समितिको अनुमोदन हुने गरी उपलब्ध गराइने छ ।

ग) सेवाग्राहीबाट माग भै संचालनमा जाने हेभी इकुपमेन्टको दररेट अनुसुची १ बमोजिम हुनेछ ।

घ) सेवाग्राहीले हेभी इकुपमेन्ट माग गर्दा अग्रीम रुपमा दस्तुर बुझाउनु पर्ने छ तर नगरपालिकाबाट भूक्तानी हुने योजनाहरूमा हेभी इक्युपमेन्ट प्रयोग गर्दा लेखा शाखाको अदेश बमोजिम प्रयोग गर्न सकिनेछ यसरी प्रयोग गरेको अवधिको रकम योजनाको भुक्तानी हुँदा छुट्टै चेक काटी कोष खातामा जम्मा गरीनेछ ।

ङ) अग्रीम दस्तुर बुझाएको भन्दा बढी समय प्रयोग गरेमा नियमानुसार थप दस्तुर बुझाउनु पर्नेछ, यस्तो बुझाउनुपर्ने रकमको जानकारी गराउने दायित्व चालकको हुने छ ।

छ) कार्यालय समय भन्दा अतिरिक्त समयमा उठेको काम गरे बापत चालकलाई दस्तुरको ५ प्रतिशत भत्ता उपलब्ध गराईने छ ।

## ७. प्रयोगको क्षेत्र

स्थानीय राजपत्र

हेभी इक्युपमेन्टको प्रयोग आवश्यकता अनुसार जुनसुकै क्षेत्रमा हुनेछ र सो को संचालन अभिलेख अनूसूची २ बमोजिम राखिने छ।

८. <u>संचालन कोषको व्यवस्था</u>

क) हेभिइकुपमेन्ट संचालनको लागि एउटा छुट्टै शिर्षकगत कोष खडा गरिने छ। उक्त कोषमा देहाय बमोजिमको रकम रहने छ।

१. थाहा नगरपालिकाबाट विनियोजित रकम।

२. सेवाग्राहीबाट प्राप्त हुने दस्तुर।

३. विभिन्न निकायबाट प्राप्त हुने रकम।

९. <u>कोषको संचालन विधि</u>

१. नगरपालिकाको खाता संचालन गर्ने प्रकृया अनुसार कोष संचालन हुनेछ।

२. कोषको प्रयोग हेभी इक्युपमेन्टको मर्मत सम्भार चालक पारिश्रमिक, खाजा तथा अन्य समितिको निर्णय बमोजिम हुनेछ।

१०. <u>विवध</u>

क) यसमा उल्लेख नभएका अन्य व्यवस्था समितिको निर्णय बमोजिम हुनेछ।

ख) यो कार्यविधि समयानुसार परिमार्जन गर्न सकिनेछ।

अनुसुची-१

(बुदाँ ६ को(ग) संग सम्बन्धित)

**१. बारुण यन्त्रः- निशुल्क**

२. **ब्याक्हो लेडरः-** प्रति घण्टा रु. १२००।- (इन्धन बाहेक) चालकको खाजा खानाको व्यवस्था सेवाग्राहीले गर्ने।

३. ट्रिपरः- प्रतिदिन रु. ३,०००।- (इन्धन बाहेक) चालकको खाजा खानाको व्यवस्था सेवाग्राहीले गर्ने।

अनुसुची-२

(बुदाँ ७ संग सम्बन्धित)

**थाहा नगरपालिका**

**नगरकार्यपालिकाको कार्यालय**

**हेभि इकयुपमेन्ट सञ्चालन कार्यविधी २०७४ अनुरुप सञ्चालीत**

**व्याक्हो लोडर परिचालन लगबुक**

| मिति | काम भएको स्थान | उपभोक्ता समिति/ सम्बन्धित व्यक्ति | शुरु युनिट | अन्तिम युनिट | खपत युनिट | प्रमाणित गर्ने | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

स्थानीय राजपत्र

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

**आज्ञाले,**

**नामः हरिलाल पुरी**

**प्रमुख प्रशासकीय अधिकृत**

स्थानीय राजपत्र